११३

# राष्ट्रिय सूचना आयोगको

## आदेश

मु.नं. ३४/२०७१/०७२

२०६५

महोत्तरी जिल्ला जलेश्वर जि.प्र.का., ना.प्र.नं. १३३१००७६ का बिजय कुमार ....................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, ठाकुर राम बहुमुखी क्याम्पस, वीरगंज, पर्सा ....................................१ विपक्षी

विषय :- **अपूर्ण सूचना उपलब्ध गराएको सम्बन्धमा ।**

महोत्तरी जिल्ला जलेश्वर जि.प्र.का., ना.प्र.नं. १३३१००७६ का बिजय कुमारले ठाकुर राम बहुमुखी क्याम्पस, वीरगंज, पर्सा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०७।०२ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी ठाकुर राम बहुमुखी क्याम्पस, वीरगंज, पर्साका कार्यालय प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. सहायक क्याम्पस प्रमुखको रुपमा रहँदा निजले त्यस क्याम्पसमा सञ्चालित Master Class मा कक्षा लिने गरेको Routine.
२. सन्ध्याकालीन हाजिरीको उतार र उक्त कार्यवापत निजले पाउने पारीश्रमिक समेत उल्लेख भएको प्रमाणित प्रतिलिपी ।
३. त्यस क्याम्पसमा ललन द्विवेदी क्याम्पस प्रमुख भएयता पुस्तकालयमा भएको मर्मत खर्च सम्बन्धी विवरण ।

| | | |
|---|---|---|
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बास्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

इति सम्वत् २०७१ साल फागुन १४ गते रोज ५ शुभम् ।